DAO Kathmandu Reg. No.55-2070/071 SWC Reg. No. 37675

"लोकतन्त्रको संस्थागत विकास तथा स्थायित्वका लागि"

निर्वाचन पर्यवेक्षण समिति नेपाल
Election Observation Committee Nepal (EOC-Nepal)

निर्वाचन पर्यवेक्षण समिति नेपाल (ई.ओ.सि.नेपाल)

# पत्रकार सम्मेलन

२०७९ वैशाख १७

# प्रेस विज्ञप्ति

निर्वाचन आयोगले निर्वाचन पर्यवेक्षण प्रयोजनका लागि स्वीकृति प्रदान गरेका ६८ वटा संस्थाहरुमध्ये निर्वाचन पर्यवेक्षण समिति नेपाल पनि एक हो । यो राष्ट्रियस्तरको पर्यवेक्षक संस्था हो ।

निर्वाचन पर्यवेक्षण समिति नेपाल (ई.ओ.सि.नेपाल)ले आसन्न २०७९ वैशाख ३० गते सम्पन्न हुने स्थानीयतहको निर्वाचनका लागि निर्वाचनको पर्यवेक्षको अन्तिम तयारीमा जुटेको छ । हालसम्म ईओसि नेपालले ४० वटा जिल्लामा ४० जना पर्यवेक्षकहरु लामोसमयका लागि नियुक्त गरी परिचालन समेत गरिसकेको छ । लामोसमयका पर्यवेक्षहरुको लागि यहि वैशाख ८ र ९ गते प्रशिक्षण सम्पन्न गरी परिचालन गरेको हो । त्यसै गरी छोटो समयका लागि ७७ वटै जिल्लामा ईओसि नेपालले पर्यवेक्षण गर्ने छ । त्यसको लागि ४०० चारसयजना पर्यवेक्षकहरु परिचालन गर्ने योजना रहेको छ ।

निर्वाचनको क्रममा ईओसि नेपालले विभिन्न क्षेत्र र विषयगतरुपमा आफ्नो ध्यान केन्द्रित गर्ने छ ।

- सम्पूर्ण निर्वाचन प्रकृया निर्वाचनमा उमेद्वारी चयनदेखि मत परिणामको घोषणासम्मका प्रकृया र गतिविधिहरु,
- निर्वाचन नियमावली र समग्र निर्वाचन आचार संहिताको पालना राजनैतिक दल र उमेद्वारहरुवाट भईरहेका छन वा छैनन,
- निर्वाचन प्रचारप्रशार गर्दा गलत सूचना सञ्चार तथा घृणायुक्त वक्तव्य सम्वन्धमा,
- निर्वाचन अभियानमा दल र उमेद्वारले गर्ने खर्चको सम्वन्धमा,
- राजनैतिक दलहरुवीचको असहिष्णुता रअन्तरद्वन्दवाट उत्पन्न हुने हिंसा र प्रतिहिंसाको सम्वन्धमा,
- निर्वाचनमा सवारी साधनको प्रयोग र दुरुपयोगको सम्वन्धमा,
- मौन अवधिमा राजनैतिक दल र उमेद्वारलगायत अन्य सरोकारवाला निकायहरुको गतिविधि सम्वन्धमा,
- मतदान केन्द्, ज्येष्ठ नागरिक, अपाङ्गता भएका फरक क्षमता भएकाहरुको लागि, असक्तमैत्री छ वा छैन? निर्वाचनआयोगको व्यवस्थापनको अवस्था सम्वन्धमा,

Buddhangar -10, Kathmandu Nepal
Tel. 01-4794568, Fax. 01-4791044 Email. eocnepal123@gmail.com, Web site : www.eocnepal.org.np

- मतदान केन्द्र वाहिर वा भित्र मतदाताहरुका लागि भयरहित वातावरण छ वा छैन? सुराक्षा निकायको उपस्थिति र व्यवस्थापनको अवस्थाका सम्वन्धमा,
- यूवा, महिला, दलित समुदाय, सिमान्तकृत समुदायको मतदानमा सहभागिताको सम्वन्धमा,
- (Non of the above) NOTA को सम्वन्धमा सर्वोच्च अदालतवाट भएको आदेशको पालनाको सम्भाव्यता सम्वन्धमा, र
- मतगणना स्थल, मतगणना कार्य, मत परिणाम घोषणाको समग्र पर्यवेक्षण ।

आसन्न स्थानीय तह निर्वाचनको सिलसिलामा उमेद्वारी मनोनयनदेखि उमेद्वारले नाम फिर्ता लिने समयसम्म राजनैतिक दल तथा उमेद्वारहरुको अभिव्यक्ति र गतिविधिहरुप्रति हाम्रो ध्यानाकर्षण भएको छ । यस क्रममा निर्वाचन आचार संहिता उलंघनका घटनाहरु प्रशस्तै भएको पाईएको छ ।

- १८ वर्षमुनिका वालवालिकाहरुको र्‍यालि तथा प्रचार प्रसारमा प्रयोग,
- निर्वाचन चिन्ह अंकित गम्छा, टिसर्ट टोपीको प्रयोग,
- र्‍यालीमा साईकल मोटरसाईकलको प्रयोग,
- उमेद्वारवाट सञ्चारकर्मी तथा मतदाताहरुलाई अपमानित हुने खालका अभिव्यक्ति,
- उमेद्वारहरुलाई उमेद्वारी फिर्ता लिनका लागि भएका दवावमा मन्त्रीहरुको संलग्नता,
- केन्द्रीय तथा प्रदेशस्तरका मन्त्रीहरु तथा सरकारी सुविधा प्राप्त राजनैतिक पद धारण गरेकाहरुवाट सरकारी साधन र श्रोतको निर्वाचनमा प्रयोग जस्ता घटनाहरु सार्वजनिक भएका छन, अतः

  यस किसिमका निर्वाचन आचार संहिता विपरितका गतिविधिहरुलाई समयमै नियन्त्रण गर्नका लागि पहल गर्न निर्वाचन आयोगलाई हार्दिक अपिल गर्दछौ । साथै राजनैतिक दल तथा उमेद्वारहरुलाई निर्वाचन आचार संहिताको अक्षरसः पालना गर्दै निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न गर्न आआफ्नो ठाँउवाट पहल गर्न समेत अपिल गर्दछौ ।

धन्यबाद ।